प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

website : sddodang.p5.gov.np
sddodang@gmail.com

प.सं. - २०७७/०७८ (प्रशासन शाखा)
च.नं. १०१

मिति: २०७७/०८/११

श्री स्थानीय तहहरु सबै
दाङ तथा रुकुम पूर्व।

**विषय: सूचना पठाईएको सम्बन्धमा।**

प्रस्तुत सम्बन्धमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय, मुकाम, बुटवलको मिति २०७७/०८/०९ को **आधारभूत पूर्वाधार सहितको ठुला विद्यालय विकास गर्नका लागि प्रस्ताव पेश गर्ने** सम्बन्धी सूचना बमोजिम तहाँ स्थानीय तह भित्र सञ्चालनमा रहेका केन्द्र र प्रदेशबाट नमुना विद्यालय विकासका लागि छनौट नभएका माध्यमिक विद्यालयहरु मध्ये ३ (तिन) वटा विद्यालय छनौट गरी सम्बन्धित स्थानिय तहसंगको समन्वय र साझेदारीमा विद्यालय समायोजन/एकीकरण गरी पायक पर्ने विद्यालयलाई आधारभूत पूर्वाधार सहितको ठूला विद्यालय विकास गर्न गुरुयोजना तयार गर्ने कार्यक्रम रहेकोले, ठूला विद्यालय स्थापना गर्न इच्छुक स्थानीय तहहरुले निम्नानुसारका मापदण्ड पुरा गर्ने प्रतिबद्धता सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन जानकारी सहित मिति २०७७/०८/०९ को शिक्षा तथा सामाजिक विकास निर्देशनालयद्वारा प्रकाशित सूचना यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ।

मापदण्ड (शर्तहरु)

१. जनसंख्या, भूगोल र पहुँच समेतलाई आधार मानी सेवा क्षेत्रभित्रका सबै प्रकारका बालबालिकाहरुको शिक्षा प्रदान गर्न सक्ने संभाव्यता रहेको विद्यालय भनी स्थानीय तहबाट भएको निर्णय सहितको सिफारिस।
२. ठूला विद्यालयको रुपमा विकास गर्न इच्छुक माध्यमिक विद्यालयले आफ्नो सेवा क्षेत्र भित्रबाट कम्तिमा २०००(दुईहजार) विद्यार्थी पुग्ने सुनिश्चितता समेतको प्रतिबद्धता सहितको विद्यालय व्यवस्थापन समितिको निर्णय।
३. ठूलो विद्यालय स्थापना हुँदा उक्त विद्यालयमा समायोजन तथा एकीकरण हुनसक्ने इच्छुक विद्यालयहरुको सहमति सहितको सूची।
४. विद्यालयले अल्पकालीन र दीर्घकालीन योजना, रणनीति, कार्यनीति र कार्ययोजना सहितको विद्यालय विकास प्रस्ताव।

(दुर्गा प्रसाद खत्री)
कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
मुकाम बुटवल, नेपाल

प.सं. २०७७/०७८
च.नं. :

मिति २०७७ /०८/०१

**बिषय :- आधारभूत पूर्वाधार सहितको ठुला विद्यालय विकास गर्नका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।**

यस निर्देशनालयको आ व २०७७/०७८ को बार्षिक कार्यक्रम अनुसार ( सामाजिक विकास मन्त्रालय, संघ शसर्त अनुदान तर्फ ) यस प्रदेश भित्र सञ्चालनमा रहेका केन्द्र र प्रदेशबाट नमुना विद्यालय विकासका लागि छनोट नभएका माध्यमिक विद्यालयहरु मध्ये ३ वटा विद्यालय छनोट गरी सम्वन्धित स्थानीय तहसँगको समन्वय र साझेदारीमा विद्यालय समायोजन / एकीकरण गरी पायक पर्ने विद्यालयलाई आधारभूत पूर्वाधार सहितको ठुला विद्यालय विकास गर्न गुरुयोजना तयार गर्ने कार्यक्रम रहेकोले , ठुला विद्यालय स्थापना गर्न इच्छुक स्थानीय तहहरुले निम्नानुसारका मापदण्ड पुरा गर्ने प्रतिवद्धता सहित आजको मितिले ३० दिन भित्र सम्वन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकासित गरिएको छ। तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

मापदण्ड (सर्तहरु )

१ जनसंख्या, भूगोल र पहुँच समेतलाई आधार मानी सेवा क्षेत्रभित्रका सबै प्रकारका बालबालिकाहरुको शिक्षा प्रदान गर्न सक्ने संभाव्यता रहेको विद्यालय भनी स्थानीय तहवाट भएको निर्णयसहितको सिफारिस ।

२. ठुला विद्यालयको रुपमा विकास गर्न इच्छुक माध्यमिक विद्यालयले आफ्नो सेवाक्षेत्र भित्रबाट कम्तिमा २००० ( दुई हजार ) विद्यार्थी पुग्ने सुनिश्चितता समेतको प्रतिवद्धता सहितको विद्यालय व्यवस्थापन समितिको निर्णय ।

३. ठुलो विद्यालय स्थापना हुँदा उक्त विद्यालयमा समायोजन तथा एकीकरण हुनसक्ने इच्छुक विद्यालयहरुको सहमति सहितको सूची ।

४. विद्यालयले अल्पकालिन र दीर्घकालीन योजना, रणनीति, कार्यनीति र कार्ययोजना सहितको विद्यालय विकास प्रस्ताव ।

बोधार्थ

सामाजिक विकास डिभिजन कार्यालय लुम्बिनी प्रदेश सबै : सेवाक्षेत्र भित्रका स्थानीय तहलाई जानकारी गराई कार्यन्वयन गर्नु गराउनु हुन ।

२०७७/०८/०१